**थानापतिका महिला भन्छन्( उपहार होस् त यस्तो**
दिलभूषण पाठक

विवाहको निम्ति लगनको लहर लागेको थियो । शहरीया महिलाहरू बरवधुलाई दिने उपहार किन्न डिपार्टमेन्टल स्टोरतिर हानिदै थिए । तर उतिनै बेला राजधानीबाट तीन घण्टाको बस यात्रामै पुगिने नुवाकोटको थानापाति गाउँका महिला भने टाट्नाका बाखालाई पानीपिठो खुवाउँदै थिए, सुम्सुमाउँदै थिए, त्यो पनि अर्कालाई उपहार दिन । आफ्नै गाउँकी सावित्री पोखरेलबाट यसैपाला हिउँदमा ब्याउने एक जोडा गतिला बाखा उपहार पाएपछि थानापति गाउँकी जयन्ती थपलिया यतिबेला असाध्यै खुशी छिन् । सावित्रीको झैं छोराछोरी पढाउने र गरगहना किन्ने आधारका रूपमा बाखा उपहार पाएपछि उनमा हर्षको कुनै सीमै रहेन ।

गाउँभरिका गन्यमान्यलाई स्थानीय कृष्णमन्दिरको एउटा कुनमा साक्षी राखेर सावित्रीले गलामा सयपत्री फूलको माला लगाइदिंदै बाखाको दाम्लो हातमा थमाइदिएपछि भावविह्वल हुँदै जयन्तीले भनिन्( दुःख नमान्नुस् दिदी, तपाईंले दिएजस्तै यो उपहार म पनि अर्को वर्ष गाउँका दुःखी महिलालाई दिनेछु । थानापति गाउँका पोखरेलले जस्तै ६२ जना महिलाले स्थानीय कृष्णमन्दिरमा गाउँका गन्यमान्यबीच गाउँका उत्तिनै महिलाहरूलाई कुनै दुःख नमानी एक⁄एक जोडा बाखा उपहार दिए । उनीहरूले एक वर्षअघि यसरी नै बाखा उपहार पाएका थिए । यस वर्ष उपहार पाउने प्रत्येक महिलाले अर्को वर्ष यसैगरी अन्य ६२ जना महिलालाई बाखा प्रदान गर्नुपर्नेछ ।

झण्डै तीन वर्षअघिदेखि थानापति गाउँका महिलाहरू सालिन्दा यसैगरी गरिब महिलालाई खुशीसाथ आफ्ना बाखा उपहार हस्तान्तरित गर्दै आएका छन् । कुनै समय आफै लगानी गरेर बाखा पाल्न नसक्ने यहाँका महिलाहरूले उपहार प्राप्त गरेका बाखाबाट जन्मेको पहिलो सन्तानलाई त उसैगरी उपहारको रूपमा दिन्छन् । यसैको आयस्ताले उनीहरूलाई नूनतेलसँगै आफ्ना बालबालिका स्कुल पढाउन कलम, कापी र लुगाफाटा किन्नसमेत पुग्न थालेको छ । अझ कतिले गहनासमेत जोडेका छन् ।

गाउँमा यसरी महिलाहरू जागरुक हुन थालेपछि उनीहरूको पेवापात मात्र बढेन आफ्ना बालबालिकालाई स्कुल पढाउन तथा गाउँको विकास निर्माणका कामहरूमा समेत उनीहरूको स्वस्फूर्त सहभागिता बढेको छ, गाविस अध्यक्ष केशवराज पाण्डे भन्नुहुन्छ । शहरीयाहरूलाई एक जोडा बाखा सामान्य लाग्न सक्छ, तर हाम्रो ग्रामीण समाजमा निम्न आयस्रोत भएका महिलालाई मात्र होइन, यस्तो कार्यक्रमले ग्रामीण विकासमै टेवा पुर्‍याउन सक्छ ।

गाविस अध्यक्ष पाण्डेका अनुसार बाखा साटासाट कार्यक्रमका लागि गठित महिला समूहले श्रमदानबाट गाउँमा खानेपानी ल्याउनुका साथै दीनदुःखीलाई सहयोगसमेत गर्न थालेका छन् । थानापति कुम्बेशवर महिला समूहले समूहकी सदस्य मीठु थापाको श्रीमान्को निधन भएपछि दुःख पर्दा ‘मिठु थापा सहयोग अभियान’ संचालन गरेका थिए ।

कुनै समय घरबाट बाहिर ननिस्कने यहाँका महिला अहिले अरूको सहयोगका लागि अभियान संचालन गर्ने हैसियत राख्छन्, कुम्बेश्वर महिला समूहकी लक्ष्मी लोहनी भनिन् । बाखा साटासाट कार्यक्रमका लागि गठित समूहकै माध्यमबाट गाउँका महिलाबीच अन्तरक्रिया हुन थालेपछि छुवाछुतको अन्त्य भएको छ ।

त्यो त कृष्ण प्रणामीहरूले बाखा पाल्नुहुँदैन भन्ने गलत धारणा अहिले यहाँ बाँकी छैन । ‘यति धेरै आयस्रोत त हुन्छ भने बाखा नपालेर भो त ?’ पचास वर्ष नाघिसकेका कृष्ण प्रणाली झँकु थपलिया भन्छन् । थानापतिमा बाहुनहरूको बाहुल्यता रहेको छ ।

पशुपालन तथा ग्रामीण विकासको क्षेत्रमा काम गर्दै आएको हेफर प्रोजेक्ट इन्टरनेशनलले तीन वर्षअघि थानापति गाउँका महिलाहरूको समूह गठन गरी पहिलो वर्ष ७२ जनालाई बाखा उपहार दिएको थियो । अहिले तिनै बाखाका सन्तानले थानापति गाउँका डाँडाकाडा करिब(करिब ढाकिसकेका छन् । प्रोजेक्टले नुवाकोट जिल्लाकै सुनखानी गाविसको थानाभञ्याङ र गुरुङ गाउँका महिलाहरू साटासाट कार्यक्रमअन्तर्गत नै ३९ वटा पाडी उपलब्ध गराएको थियो ।

गुरुङ गाउँमा पाडी उपहार प्रदान गरेपछि त्यसबाट आय मात्र बढेन, जाँडरक्सीमा समेत कमी आएको छ । ‘दही(मोही खान पाएपछि त जाँडरक्सीतिर त ध्यानै पो जाँदा रहेनछ’ ०५२ सालमा पाडी उपहार पाएकी गुरुङ गाउँकी कान्छी गुरुङले भनिन् । उनको पाडी तीनपटक ब्याइसकेको छ र एक पाडी उसैबेला उपहार दिइसकेकी छिन् ।

‘घरमै भैंसी भएपछि भैंसीबाट प्राप्त मलजलका कारण उनीहरूको उब्जनी पनि बढेको छ । बाखा तथा भैंसी पाल्ने भएपछि उनीहरूलाई घाँस उत्पादन गर्न पनि जोड दिइएको छ । त्यसैबाट मल प्राप्त हुने भएपछि उनीहरूको उत्पादन बढेको छ’ जनार्दन देवकोटा भन्छन् । हेफरका राष्ट्रिय निर्देशक महेन्द्रनाथ लोहनी साटासाट कार्यक्रमलाई सरकारले उच्च प्राथमिकताका साथ लागू गर्नुपर्ने सुझाव दिनुहुन्छ ।

न्यून आर्थिक आय भएका नेपालजस्तो ग्रामीण समाजमा यस किसिमको कार्यक्रम सफल सावित भएकै कारण सरकारले गत वर्ष पचासवटा जिल्लामा यस्ता उपहार तथा पशु साटासाट कार्यक्रम संचालन गरिसकेको छ भने यस आर्थिक वर्षदेखि ७५वटै जिल्लामा लागू गरिएको छ । जुन कार्यक्रमअन्तर्गत ग्रामीण कृषकहरूलाई शुरुमा गाई, भैंसी, सुँगुर तथा कुखुरा प्रदान गरिन्छ र उनीहरूले उक्त पशुबाट जन्मिएको सन्तान आफूजस्तै कृषकलाई दिनुपर्ने हुन्छ ।

कृषि मन्त्रालयका एक वरिष्ठ अधिकृतका अनुसार मन्त्रालयले हालै सातवटा जिल्लामा गरेको अध्ययनमा कृषि मन्त्रालयअन्तर्गतका कार्यक्रममध्ये सबैभन्दा प्रभावकारिता यसै कार्यक्रममा पाइएको थियो । 'किसानले लिने गरेको अधिकांश कृषिसम्बन्धी ऋणले उनीहरूलाई उल्टो उँधो झारेको छ, तर यो कार्यक्रमले उनीहरूलाई उँभो लाने कुरामा कुनै द्विविधा छैन,' पशु स्वास्थ्य निर्देशनालयका निर्देशक शुभनारायण महतोले भन्नुभयो । उहाँले कृषकहरूका बीच विभिन्न डालेघाँसको बीउ पनि साटासाट कार्यक्रमअन्तर्गत उपलब्ध गराइएको बताउनुभयो । 'डब्लूटीओमा गइसकेपछि हामीलाई भारतसँग खाद्यान्नमा प्रतिस्पर्धा गर्न कठिन छ, तर असाध्यै धेरै सम्भावना रहेको मासु र दूधको क्षेत्रमा यस्ता कार्यक्रमले कायापलट गर्न सक्छ' महतले पशु साटासाट कार्यक्रमलाई जोड दिँदै भन्नुभयो ।

**महिलाहरूले गस्ती गरेपछि वनको संरक्षण**
भोजराज भाट

कैलालीको पूर्वी भाग पथरैया गाविसको वडा नं. ८ खैरीफाँटाका महिलाहरूले वनको फँडानी तीव्र गतिले बढ्दै गएकोमा चिन्ता मानी एक महिला समूह गठन गरी रात्रि समयमा गस्ती गर्ने गरेको सुन्दा सबैलाई अचम्म लाग्न सक्छ । तर यथार्थ यही हो । दैनिक रूपमा स्थानीय डुडेझारी, बल्चौर र छतिवन वनबाट ३०(४० डनलप जति काठ ओसार(पसार हुँदा पनि स्थानीय वनपदाधिकारीहरूबाट संरक्षण तथा कारबाही हुन सकेपछि खैरीफाँटाका महिलाहरूमा जागरुकताको भावना उब्जियो ।

वि.सं. २०५७ साल भदौ ११ गते सशक्त महिला समूह गठन गरी वनको सुरक्षा गर्ने भनी खैरीफाँटाका १ सय ६१ जति महिलाको भेलाबाट दैनिक रूपमा पालैपालो बेलुकी ८ बजेदेखि बिहान ४ बजेसम्म गस्ती गरी वन संरक्षण गर्ने निर्णय भयो । यस भेलाबाट शिला थापाको अध्यक्षतामा ११ सदस्यीय कमिटी तयार भयो । जसमा उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव क्रमशः भगवती थापा, चन्दा चन्द, खेमादेवी भाट र भारती बिष्ट हुनुहुन्छ भने सदस्यहरूमा नर्पता थापा, शारदा सुनार, पवित्रादेवी भाट, जसुदादेवी भाट, लक्ष्मी नेपाली र ललिता भाट हुनुहुन्छ ।

सशक्त महिला समूह गठन गरेपछि दैनिक रूपमा गस्ती गरी काठ तस्करबाट चोरी हुने क्रम ९५ प्रतिशत बन्द भएको कुरा समूहकी अध्यक्ष शिला थापा बताउनुहुन्छ । प्रायः काठ चोरी गर्ने मानिसलाई स्थानीय महिलाले चिनेकै हुँदा कहाँ काठ चोरी गर्न जाँदैछ भन्ने थाहा भएपछि यी महिलाहरूले पुरुषको समेत सहायता माग्ने गरेको बताउँछन् । तर रात्रि समयमा ठूलो समूहमा काठ चोरी गर्ने गिरोहसँग जम्काभेट भएपछि उनीहरूलाई तर्साउन चुरा बजाएर वा कालो कपडा ओडेर देखाउने गरेकोसमेत जानकारी दिन्छन् । यसबाट कतिपय काठ तस्करहरू किचकन्या हो भनेर भाग्ने गरेको अनुभव गस्ती गर्ने महिलाहरूको छ ।

रात्रि समयमा गस्ती गरेको बेला यी महिलाहरूबाट थुप्रैपटक काठ तस्करहरू पक्राउ परिसकेका छन् । तस्करहरूलाई पक्राउ गरेको भोलिपल्ट सबै भद्रभलाद्मी र स्थानीय वनपालेहरूलाई समेत बोलाएर कारबाही गर्न प्रक्रिया गर्न लगाउँदा ठूलाबडाले 'गाउँघरको कुरा त हो मिलाइदिनुपर्छ' भनी मुद्दा साम्य पारिदिंदा रातभरि गस्ती गरेको मिहिनेत खेर गएको र महिलामा निराशा छाएको कुरा समूहकी सचिव चन्द्रा चन्द बताउनुहुन्छ । गत दशैंतिहारको समयमा पनि महिलाहरूले घरमा राम्रो परिकार बनाएर खुशीयाली मनाएर मात्र नबसी रात्रि समयमा गस्ती गरी ४ वटा डनलप पक्राउ गर्दा पनि स्थानीय भलाद्मीहरूले खासै सकारात्मक दृष्टिकोण नराखेको गुनासो गस्ती गर्ने महिलाहरूको छ । जंगलमा अवैध रूपमा तस्करहरूबाट काटेका काठहरू यी महिलाले पछि पैसा दिन्छु भनी गाउँलेका डनलप लगी कटासेबजारमा जम्मा गर्ने गरेका छन् । हाल करिब १ सय २० थान अवैध रूपमा काएिका साखुका काठ जम्मा गरेको कुरा उनीहरूले जानकारी दिएका छन् ।

यो महिला समूहका सदस्यहरूले आफ्नो आर्थिक कारोबारका लागि कसैसँग चन्दा नमागेर आफैले एकजनाबाट दश रुपैयाँ उठाउने गरेका छन् । त्यस्तै हरिया दाउरा काटेको फेला परेमा त्यसलाई एक बन्चरा वा हसियाँको ५० रुपैयाँ जरिवाना गरेर कोष बढाउने गरिएको छ । यसरी उठाएको पैसा र दण्ड(जरिवानाको रकमले आर्थिक कारोबार संचालन गर्न निकै गाह्रो भएको कुरा समूहकी कोषाध्यक्ष खेमादेवी भाट बताउनुहुन्छ । रात्रि समयमा गस्ती गर्दा महिलाहरूलाई २(३ पाकेट चकलेट लगेर बाँड्ने गरेको कुरा कोषाध्यक्ष भाटले जानकारी दिनुभयो । आफूले पक्राउ गरेका र जंगलबाट ओसारेको काठ बेचविखन गरेर महिला कोष स्थापना गरी महिला उत्थानका कार्यक्रम गर्ने उनीहरूको धारणा छ । तर जिल्ला वन कार्यालयका अधिकृत दीर्घ कोइराला भने महिलाले जम्मा गरेको काठको बेचविखन उनीहरूले गर्न नपाउने र ढुवानी खर्च भने मिलाउन सकिने कुरा बताउनुहुन्छ ।

वर्तमान समयमा सामाजिक असुरक्षाका बीच पनि रात्रि समयमा ड्युटी गर्दा यी महिलाहरूमा रत्तिभर डर र त्रास भएको पाइँदैन । समूहकी अध्यक्ष शिला थापा भन्नुहुन्छ( न हामीले कसैको केही खाएका छौं, न हामीले बिराएका छौं । हामीले त वनको संरक्षण गर्न चेतनामूलक कार्यक्रम ल्याएका हौं । बरु सबैले हामीलई सहयोग गर्छन् भन्ने आशा छ । तर गाउँका मानिसहरू आफ्नो घरबाट श्रीमतीलाई गस्ती पठाउन हिच्किचाउँछन् । संयोग भनौं वा समयको माग गस्तीमा जाने धेरैजनाका श्रीमान्हरू धन कमाउन प्रदेश गएका छन् र श्रीमतीहरू वन संरक्षण गरी उदाहरणीय काम गरिरहेका छन् ।

**महिला समाज : मुस्लिम भैं कट्टर हुने कि क्रिश्चियन भैं खुला ?**
अनन्तप्रसाद वाग्ले

काभ्रेपलाञ्चोकको सल्लेभुम्लु गाविसकी एक १५ वर्षीया बालिकालाई गत जेठ ५ गते पलाञ्चोकमा जात्रा हेरिरहेको अवस्थामा सिन्धुपाल्चोक कदमवासका विष्णु कुँवर र चिरन कुवँरले नजिकैको बारीमा लगी पालैपालो बलात्कार गरे । मादन कुँडारी गाविस(५ का सनकबहादुर भन्ने राजकुमार पाठकले २०५६ साउन ९ गते स्थानीय १४ वर्षीया सरिता (नाम परिवर्तन) लाई नजिकैको लोहोरे जंगलको ओडारमा लगी जबर्जस्ती करणी गरे ।

पुरानो गाविस ७, रामेछापका ३७ वर्षीय कमल गिरीले पनौती नपा १ सुब्बागाउँ आफ्नै डेरा नजिकै बस्ने डेढ वर्षकी बालिकालाई काखमा खेलाइखेलाई बलात्कार गर्न खोजिरहेको अवस्थामा बालिकाका बाबुले फेला पारे र प्रहरीलाई खबर गरे । यसरी नै धुलिखेल नपा ७ बस्ने ४० वर्षीय भुवन दमाईंले स्थानीय एक बालिकालाई पाँच रुपैयाँ दिएर फकाइफुल्याई नजिकको मकैबारीमा लगेर निर्मम बलात्कार गरे । त्यस्तै बनेपा नपा(४ बस्ने ८० वर्षीय हरिबहादुर थापाले सोही ठाउँकी एक १० वर्षीया बालिकालाई दुई रुपैयाँ दिएर बलात्कार गर्ने प्रयास गरेकोमा २०५५ मंसिर १० गते प्रहरीले थाहा पाई तत्काल पुर्पक्षका लागी थुनामा राखेर छाडिदियो ।

यी र यस्तै प्रकृतिका अनगिन्ति घटनाहरू प्रहरी अभिलेख तथा मानवअधिकार वर्ष पुस्तकका पानाहरूमा सुरक्षित रहेका छन् । यी त एउटा निश्चित कालखण्डभित्र एउटा जिल्लाभित्र भएका घटनाहरूमध्येका केही नमूनाहरू मात्र हुन् । यस्ता घटनाहरू प्रत्येक जिल्लामा वर्षेनी भइरहेकै छन् । भइरहेका मात्रै छैनन्, प्रत्येक वर्ष यस्ता घटनाहरूको संख्यामा वृद्धिसमेत भइरहेको छ । साक्षरता संख्या, नारी चेतना र महिला सशक्तीकरणको पक्षमा प्रगति भइरहेको हामी तथ्याङ्कहरूमा पाउँछौं तै पनि किन यस्ता घटनाहरूको संख्या घट्नुको सट्टा लगातार बढिरहेकै छन् त ? यो नै आजको स्थितिमा चिन्ताको विषय बनेको र यस्ता घटनाका अपराधीहरूलाई सजाय दिन र प्रतिरोध गर्न तथा यस्ता घटनाहरू हुन नदिन महिला(पुरुष दुवै एकताका साथ अघि बढ्नुपर्ने जिविस काभ्रेका सदस्य शिला कटिला बताउनुहुन्छ । महिला मुक्ति र समानताको कुरा नारामा मात्र सीमित रहेको र महिलामाथिका अपराधहरू पनि बढिरहेकाले समाजका सम्पूर्ण सदस्यले गम्भीरताका साथ सोच्नुपर्ने उहाँको धारणा छ ।

डेढ वर्षीया बालिकादेखि ५० नाघेका वृद्धाहरूसमेत बलात्कारका शिकार बनिरहेका तथा किशोरावस्थादेखि ८० वर्षीय वृद्ध पुरुषहरूको समेतको यस्तो अपराधमा सहभागिता रहनुलाई 'विडम्बनापूर्ण आश्चर्य' को टिप्पणी गर्दै समाजशास्त्रका विद्यार्थी शरणरञ्जित भन्छन्, "विज्ञान, प्रविधि र सभ्यताको विकासले समाज अझ जटिल, क्लिष्ट र दुरुह बन्दैछ । त्यसैले अपराध र दुराचारका अकल्पनीय उदाहरणहरू दिनानुदिन वृद्धि भइरहेका छन् ।" विकास र सभ्यताले समुदाय जतिसुकै समृद्धि बन्दै गए पनि यस्ता दुराचारी प्रवृत्तिहरूमा कमी नआउने बरु नयाँ(नयाँ अपराध(शैलीहरूसमेत विकसित हुँदै जाने उहाँको ठहर छ ।

अश्लील र नग्न चित्र(चलचित्र, अत्याधुनिक फेशन, नक्कल गर्ने बानी, मदिरा सेवनलगायतका कारणहरूबाट यौन दुराचार मात्रै होइन घरेलु हिंसाका घटनाहरूसमेत हुने विद्यार्थी रञ्जितको अनुभव छ । यसबाहेक गरिबी, अशिक्षा, अभिभावकत्वको अभावलगायतका कारणहरूलाई पनि यस्ता दुराचार मौलाउने कारक तत्वका रूपमा लिन सकिन्छ ।

भनिन्छ( बालबालिकाहरू भनेका काँचो माटो हुन् र तिनलाई जस्तो वातावरणको साँचोमा राखिन्छ, त्यस्तै आकार(प्रकारको मनस्थितिमा विकास हुन्छन् । महिला तथा बालिकाको अस्मिताविरुद्ध गरिने बलात्कारजस्तो अपराधको असर पीडित व्यक्तिमा लामो समयसम्म रहिरहने र एकपटक डरलाग्दो मानसिक असर व्यहोरेकी बालिकाको मनस्थिति सधैं नै कमजोर हुने कुरा मनोविज्ञानका जानकारहरू बताउँछन् ।

हाम्रो देशको कानूनमा मुलुकी ऐनको जबर्जस्ती करणी महलमा १४ वर्षभन्दामुनिका बालिकालाई कसैले जबर्जस्ती करणी गर्दछ भने त्यस्तो व्यक्तिलाई ५ देखि दश वर्षको कैद सजायको व्यवस्था भए तापनि त्यस्तो सजाय दिइएको कमै मात्र देखिएको कुरा अधिवक्ता कृष्णगोपाल बैदार बताउनुहुन्छ । हाम्रो देशमा १६ वर्षमुनिकालाई बालबालिका भन्ने गरिन्छ भने जापान, फ्रान्सलगायतका देशहरूमा १८ वर्षसम्मका केटाकेटीहरूलाई बालबालिकाको तहमा राख्ने गरेको पाइन्छ ।

यस्ता घटनाहरूमा अपराधको प्रकृति र सजायको हद हेर्दा पेसेवर अपराधीहरूलाई प्रोत्साहन पुग्न सक्ने कुरा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का काभ्रेस्थित वर्ष पुस्तक प्रतिनिधि भोजराज तिमल्सिना बताउनुहुन्छ । त्यसमाथि पनि त्यस्ता घटनाहरू सामान्य परिवारमा घट्न गएको स्थितिमा सान्त्वना र सुरक्षाको सट्टा तिरस्कार गर्ने र यसबाट बालमस्तिष्कमा ठूलो असर पर्न जाने उहाँको अभिमत छ । यस्ता प्रकृतिका घटनाहरूको हदम्याद पर्याप्त नहुनु, गोपनियता नहुनु, बन्द इजलासको व्यवस्था नहुनु तथा प्रमाण पुऱ्याउन कठिनाइ हुनुले पीडित पक्षलाई मर्का परेको र पीडकलाई थप बल मिलेको स्थिति आफूले अनुभूत गरेको कुरा मानवअधिकार कार्यकर्ता तिमल्सिना बताउनुहुन्छ ।

कानून व्यवसायीहरूको रायमा बाल यौन(दुराचारका घटनाहरूलाई छुट्टै बाल अदालतमार्फत् हेरिनुपर्दछ । नेपालमा अधिकांश मानवअधिकारवादी संस्थाहरूले समेत यस्तै बाल, पारिवारिक अदालतको माग गर्दै आइरहेका छन् । जे होस्, बलात्कार र बाल यौन(दुराचारका घटनामा पीडित पक्षलाई क्षतिपूर्ति र पीडक (अपराधी) पक्षलाई थप सजायको व्यवस्था गर्नुपर्ने आमजनताको धारणा रहिआएको छ ।

**वृद्धाहरूको देहव्यापार हटाउने अभियान**
सागर पण्डित

पत्याउनै गाह्रो पर्छ, तुलसीपुर चोक, घोराही दाङकी ७४ वर्षीया वृद्धा विपती नेपाली समाजमा विद्यमान कुरीतिहरूलाई हटाउने ठूलो अभियानमा लागेकी छिन् भन्दा ! तर पत्याउनैपर्छ र सराहना गर्नैपर्ने हुन्छ उनको अभियानलाई ।

कपाल सेतै फुलेकी र गाला चाउरी परिसकेकी विपती नेपाली वादी जातकी महिला हुन् तर वादी जातको विद्यमान संस्कारसँग उनी असहमत छिन् र बुढ्यौलो अवस्थामा पनि उनी आन्दोलित हुन चाहिरहेकी छिन् वादी महिलाहरूको देहव्यापार कार्यको विरुद्ध ।

“म अब मेरा छोरी, नातिनी र बुहारीहरूलाई कुनै हातमा पनि देहव्यापारमा लाग्न दिन्न” ७४ वर्षीया वृद्धा विपती अठोट गर्छिन् । दाङका कतिपय भागमा वादी जातका महिलाहरूले वर्षौंदेखिको पेशा देहव्यापारलाई अझै पनि अपनाउँदै आएको देखिन्छ ।

विपतीका ४ वटी छोरी र ७ जना नातिनीहरू छन् । उनीहरू कोही पनि देहव्यापारमा लाग्न पाएका छैनन् । उनकी एउटी नातिनी केही समय अगाडिसम्म देहव्यापारमा लागेकी थिइन् । तर उनकी हजुरआमा विपतीकै कारण उनले हाल सो पेशा छोडेर सिलाइकटाइ तालिम लिन थालेकी छिन् । आजभोलि सिलाइकटाइ सिक्ने यी नातिनीले हजुरआमालाई सहयोगसमेत गर्दै आइरहेकी छिन् ।

देहव्यापार रोक्न भनेर स्थापना गरिएका विभिन्न गैरसरकारी संघ/संस्थाहरूप्रति विपती खासै विश्वास गर्दिनन् तर सेफ नेपालप्रति उनको थोरै विश्वास छ । किनकि सेफ नेपाल नेपालगन्जले मंसिर महिनामा देहव्यापारमा संलग्न वादी समुदायका महिलाहरूलाई सचेतना दिलाउने उद्देश्यले घोराहीमा राखेको एक कार्यक्रममा विपती पनि सहभागी भएर धेरै कुरा जान्ने मौका पाएकी थिइन् । केही नगरे पनि सेफले हामीलाई सचेत त बनायो( विपती भन्छिन् । उनी अब आफ्नो टोलमा सशक्त समूह गठन गर्ने सुरमा छिन् । सशक्त समूह बनाउँछौं र सरकारसँग वैकल्पिक उपायको लागि अनुरोध गर्दछौं( भावी कार्यक्रमका सम्बन्धमा विपती भन्छिन् ।

एकातिर स्वास्थ्य बिग्रन्छ अर्कोतिर सामाजिक तिरस्कार भोग्नुपर्छ अतः यो पेशामा लाग्नुहुँदैन( उनी देहव्यापारमा लागेका वादी महिलाहरूलाई यसरी सम्झाउँछिन् । उनी वादी महिलाहरूमाथि भइरहेको सामाजिक अत्याचार, कानूनी पक्षपातपूर्ण व्यवहार, यौन शोषणजस्ता दुर्व्यवहार तत्काल रोकिनुपर्ने र यसको लागि सम्बन्धित निकायले तुरुन्त उपयुक्त कदम चाल्नुपर्ने धारणा राख्छिन् ।

त्यस्तै घोराही बजार लुहासुरकी ६८ वर्षीया राजकुमारी नेपाली पनि वर्षौंदेखिको वादी परिवारमा झाँगिदै आएको देहव्यापारको विरुद्धमा छिन् । वादी महिलाहरूले यस कुप्रथालाई संस्कारको रूपमा विकसित गर्न नहुने धारणा उनको छ । उनी यस प्रथालाई जरैदेखि उन्मुख गर्न चाहन्छिन् । सम्बन्धित निकायले देहव्यापारमा संलग्न वादी महिलाहरूको लागि सीप र योग्यताअनुसारको वैकल्पिक व्यवस्था गरेमा यो पेशा घटेर जाने विश्वास राजकुमारी नेपालीको रहेको छ । उनी लौरो टेक्दै आफ्नो टोलमा घुम्छिन् र वादी महिलाहरूलाई सम्झाउँछिन् ।

विपती र राजकुमारी दुवैले आफ्नो समाजलाई स्वच्छ राख्न विभिन्न मानवअधिकारवादी संघ/संगठन, समाजसेवी, राजनेता, राजनीतिक पार्टी, व्यापारी, पत्रकार, कर्मचारी, शिक्षक, बुद्धिजीवी सबैलाई आफ्नो अभियानमा सक्रिय सहयोग गर्न अपिलसमेत गरेका छन् ।

यी दुई वृद्धाहरूझैं अरूहरूले पनि संवेदनशील भएर यस्तै अभियान चालेको खण्डमा वर्षौंदेखि नेपालका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङका विविध स्थानमा व्याप्त खुला देहव्यापारमा कमी आउने र सामाजिक स्वच्छन्दता कायम हुने विश्वास गरिएको छ ।

**उराठलाग्दो बगरलाई महिलाले हरियो वन बनाए**
प्रेम दाहाल

“महिलाहरू सिर्जनाकी जननी हुन्, जर्जर र उराठलाग्दो मरुभूमिलाई पनि हरियो र उर्बर बनाउन सक्छन्” भन्ने उखानलाई तीनपाटन शाखाजोरका महिलाहरूले चरितार्थ गरिदिएका छन् ।

वर्षौंदेखि चँदाहा नदीबाट पीडित बन्दै आइरहेका तीनपाटनका महिलाहरू यस वर्षदेखि नदी नियन्त्रण भएपछि ढुक्क भएका छन् ।

सयौं वर्षअघिदेखि चँदाहा नदीबाट पीडित बन्दै आइरहेका सिन्धुली तीनपाटनका जनतालाई राणाकालमा पनि ठूलो बाढीपहिरो गएकोले माधवशमशेर जबराले राहत वितरण गरेका थिए । २००७ सालको परिवर्तनपछि माधवशमशेर रानीचुरी दरबारबाट भागेका थिए ।

चँदाहा नदीबाट पीडित भएका जनता नदी नियन्त्रणको माग गरिरहेको बेला २०२२ सालमा सेती पहिरो फुटेर त्यहाँ रहेको पानी बाहिर आएपछि तीनपाटनका जनता बिचल्लीमा परेका थिए । त्यसबेला पचासौं नागरिकका साथै धेरै गाईवस्तुले ज्यान गुमाएका थिए । राहतका लागि जिल्ला पञ्चायत कार्यालयमा डेलिगेशन गए तर राहत भने पाएनन् । त्यहाँबाट नै निराश भएर फर्किएका महिला तथा पुरुषहरूले पञ्चायतकालमा निरन्तर रूपमा नदी नियन्त्रणको माग गर्दै महिला र पुरुष मिलेर डेलिगेशन गए तर आश्वासनहरू धेरैपटक पाए तर नदी भने नियन्त्रण भएन । स्थानीय पुरुषहरूले महिलाहरूको कुरा जिल्ला पञ्चायत सभापति र सीडीओले सुन्छन् र काम गर्छन् भनेर महिलाहरूलाई मात्र डेलिडेशन पठाए, तर महिलाको डेलिगेशनलाई पनि पञ्चायती शासकले झुक्याए ।

सात सालमा बाढीपहिरो र अनिकालबाट आक्रान्त बनेका तीनपाटनका जनताले ०११ साल र ०२३ सालमा ठूलो अनिकाल भोग्नुपर्‍यो । त्यस्तो अनिकालमा समेत जिल्ला पञ्चायतमा डेलिगेशन गएका महिलाहरूको माग पूरा भएन । पाटनदेवी गाउँ पञ्चायतलाई विधिवत रूपमा बेलघारी र भीमथान गाविसमा विभाजन गराएपछि तत्कालीन पञ्चायती शासकका लागि नदीपीडित भीमथान गाउँ पञ्चायतका नागरिकहरू अराष्ट्रिय तत्व देखिए । गोप्य रूपबाटै गाउँ पञ्चायतको प्रधानपञ्चमा कम्युनिष्ट पार्टीले जिल्ला समितिका चित्रलाल श्रेष्ठलाई चुनावमा उठाए र जिताए पनि । श्रेष्ठको विजयपश्चात् आन्दोलनकारीको लागि उक्त ठाउँ सुरक्षित स्थल बन्यो । नदीबाट पीडित जनतालाई बहुदलीय व्यवस्था आएपछि मात्र तपाईहरूको माग पूरा हुन्छ, विकास हुन्छ भनेर तत्कालीन आन्दोलनकारीले ठूलो आशा देखाए । त्यही आशाको भरमा आन्दोलनकारी कांग्रेस र कम्युनिष्ट पार्टीका नेताहरूलाई स्थानीय जनताले प्रहरीको हातबाट धेरैपटक जोगाए । अझ वामनेता बोधराज काफ्लेलाई प्रहरीले घर घेरा हालेका बेला साडी चोलो लगाउन लगाई डोकामा गाग्री बोकाएर पानी लिन गएको वहानामा महिलाले घरबाट भगाएका थिए । तिनै महिलाहरूले घर(घरमा प्रहरी तैनाथ भएका बेला जंगलमा दाउरा चिर्नेलाई भात लगेको भन्दै आन्दोलनकारीहरूलाई खुवाएका थिए ।

ती महिलाहरूले प्रजातन्त्र आएपछि नदी नियन्त्रण हुन्छ, हत्या(आतंक रोकिन्छ भनेर भन्थे, तर कम्युनिष्ट पार्टीबाटै प्रधानपञ्च बनेका चित्रलाल श्रेष्ठले पनि गरिब जनताका खासै केही गर्न सकेनन् । नदी नियन्त्रण गर्न आएको रुपैयाँ दुरुपयोग भयो भनी कसैले उनीविरुद्ध आवाज उठाउन सक्दैन थिए । किनकि उनी पञ्चायती शासकका एक कुशल र इमानदार कार्यकर्ता बनिसकेका थिए । आफूलाई महान् कांग्रेसको नेता भन्ने नीलकण्ठ कोइरालाले पनि आश्वासनबाहेक अरू केही बाँड्न सकेनन् ।

बहुदल आयो, आफ्नो समस्याहरू पूरा हुने भयो भनेर सबै खुशी भए भने भूमिगत बसेका नेताहरू जनताका बीच आए र तिनै महिलाहरूले माला लगाएर स्वागत गरे । ती नेताले तपाईहरूको समस्याहरू पूरा हुन्छन् भनेर आश्वासन पनि दिए । जनताको मतबाट पहिलोपटक विजयी बनेका सांसद प्रकाश कोइराला एकपटक पनि जनताको घरदैलोमा फर्किनुभएन । सांसदको आफ्नो समयावधि सकिएपछि उहाँ अमेरिकातर्फ लाग्नुभयो । त्यसपछि तिनै जनताको मतबाट विजयी बनेका सांसद होमराज दाहालले पनि गाउँमा कुनै परिवर्तन ल्याउन सक्नुभएन ।

गाउँका लोग्नेमानिस भने चुपचाप बसे तर महिलाले भने आफ्नो अभियान निरन्तर रूपमा अगाडि बढाउँदै गए । गाउँ विकास समिति र जिल्ला विकास समितिमा उनीहरू धेरैपटक डेलिगेशन गए । गाउँ विकास समितिका अध्यक्ष हेमबहादुर श्रेष्ठसहित जिल्ला विकास समितिमा डेलिगेशन गएपछि तार जाली उपलब्ध भयो र थोरै मात्र भए पनि तारजाली ल्याएर चँदाहा नदी

आधा मात्र भए पनि नियन्त्रण गराइछाडे । आधा भागमा बाँसको भकारी बनाएर बालुवा र ढुंगा भरे । त्यसैबेला तीनपाटनमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले महिलाहरूको उत्थान गर्न विभिन्न कार्यक्रमहरू संचालन गऱ्यो । आआरएनकै सहयोगमा शाखाजोरका महिलाहरूले नदी नियन्त्रणको तार जालीभन्दामुनि सेतो बगरमा सिसौको बिरुवा रोप्ने निर्णय गरे । सबैतिरबाट महिलाहरूलाई होच्याउने काम भयो, लोग्नेमानिसले विरोध गरे 'पोथी बास्न थाले, अब नराम्रो हुन्छ' भने । अन्ततः महिलाहरूले सिसौ लगाइछाडे । बालुवामा लगाएको सिसौ निकै राम्ररी बढ्यो । एक वर्षमै हरियो जंगलझैं भयो । गाईवस्तु प्रवेश गरेमा जरिवाना गर्ने निर्णय गरे । सामूहिक रूपबाटै गोडमेल गर्न थाले । त्यही सिसौबाटै अहिले नदी नियन्त्रण भएको र सेतो बगरमा हराभरा जंगलझैं भएको सिर्जना महिला समूहकी सचिव लक्ष्मी अधिकारी बताउँछिन् ।

आरआरएनद्वारा गठन गरिएको उक्त महिला समूहको १६ हजार रुपैयाँ कोषमा रहेको छ भने आफ्नै समूहका सदस्यलाई मात्रै थोरैथोरै रुपैयाँ बैंकको व्याजसरह ऋण दिने गरेको कुरा महिला समूहकी मञ्जु दाहाल बताउँछिन् । त्यस्तै अर्की महिला समूहकी अध्यक्ष सुशीला आचार्य महिलाहरूले जस्तोसुकै कठिन काम पनि पूरा गर्न सक्छन् त्यो सेतो बगरलाई हरियाली बनाएबाट पनि पुष्टि हुन्छ भन्छिन् ।

सेतो उराठलाग्दो तीन रोपनी बगर अहिले जंगलझैं भएपछि छिमेकी बेलघारी गाविसका महिलाहरूले पनि वृक्षारोपण गरेका छन् । चँदाहा नदीले सेतो र उराठलाग्दो बनाएको बगरमा अहिले जतातत‍ै हरिया सिसौका रूखहरू देख्न पाइन्छ । अझ तिल्पुङ, जरायोटार, लाम्पन्टार, बालाजोर जाने मानिसहरूको लागि चैत(वैशाखमा सिसौ घारीमा बसेर थकाई मेटाउने ठाउँ बनिसकेको छ । सेतो बगारमा हरियो सिसौ घारी भेटिएपछि जोकोही पनि एकछिन नबसी हिंड्न सक्दैनन् । अझ बीचबीचमा भएको साना( साना झाडीहरू महिलाहरूले उखेलेर ढुंगा राखेपछि बस्नको लागि राम्रा ठाउँ बनेको छ । दशैं(तिहारका बेला गाउँका युवाहरू गएर बस्ने ठाउँ बन्नुले पनि महिलाहरूले लगाएको वनको महत्व झन् बढेर गएको छ ।

महिलाहले अहिले गाउँमा सामूहिक खेती प्रणाली पनि विकास गरिसकेका छन् । सामूहिक तरकारी खेतीबाट पनि सामूहिक कोषमा वर्षको दुई हजारभन्दा बढी रुपैयाँ जम्मा भएको कुरा महिलाहरू बताउँछन् ।

महिलाहरूको नदी नियन्त्रणको अभियान र उराठलाग्दो बगरलाई हराभरा बनाउनुलाई सराहनीय काम मान्नैपर्छ । शाखाजोरका महिलाले झैं अन्य ठाउँका महिलाहरूले नदी नियन्त्रण र हराभरा पार्ने अभियान सञ्चालन गर्नु नै आजको आवश्यकता हो ।

अहिले उनीहरू महिला समूह सहकारी संस्थाका रूपमा दर्ता गर्न लागिरहेका छन् ।

हाम्रो संस्कृतिले त्यही संस्कृतिको सबभन्दा इमानदार र भरपूर रूपमा धेरै अनुशरण र भक्ति गर्ने महिलाप्रति नै गरेको यो व्यवहार नाजायज र अन्यायपूर्ण भएको छैन र ? हाम्रो धर्मग्रन्थहरू जसलाई हामीले भगवान् या ईश्वरकै वाणी भन्ने सम्झन्छौं, कुनै ऋषि या विद्वान्हरूद्वारा कथा, काव्य आदि साहित्यका रूपमा रचिए, सिर्जिए । पछि गएर जातिगत पाखण्डीहरूले पेशा, जाति, लिङ्ग, सम्पत्ति आदिका आधारमा त्यसलाई विकृति गरी सबैको रक्तसंचारमा, नशा(नशामा ईश्वर वाणीको भ्रम फिंजाई आफ्नो दुनो सोझ्याउने कुटिल चाल चले । यसबारेमा दुर्गाहाङ याख्खा राईद्वारा लिखित पुस्तक ब्राह्मणवादविरुद्ध जनजाति+उत्पीडित वर्ग (पुस्तक पाइने ठाउँ नेपाल जनजाति महासंघ, पुरानो बसपार्क, रत्नपार्क, काठमाडौं) मा विस्तृत चर्चा गरिएको छ, जसअनुसार हाम्रा धर्मग्रन्थमध्ये मूलभूत या मूलस्रोत मानिने ग्रन्थ वेदसमेत जम्मा जम्मी इशापूर्व ३,००० वर्षभन्दाअघिको होइन तथा सो समेत कुनै देववाणी होइन, मनुष्यकृत नै हो । यस्ता धर्मग्रन्थहरूमा समेत नारीहरूको पक्षमा स्वयं देवदेवताहरूमा पनि पक्षपात भएको पाउँछौं ।

हामीले सुनेअनुसार विष्णुले आफ्नी अर्धाङ्गिनी लक्ष्मीको कोमल पाउलाई कहिल्यै दबाएनन्, उनको पाउको चरण स्पर्श कहिल्यै गरेनन्, लक्ष्मीले पनि शेषनागमा विराजित विष्णुको पाउको मालिस गर्दै बस्थिन्, जबसम्म विष्णु निद्रामा मस्त हुन पुग्दैनथे । विष्णु र लक्ष्मी समान थिएनन् । त्यस्तै पार्वतीले महादेवको सेवाटहल गर्ने गर्थिन् र त्यसैमा चरम सुखको आनन्दानुभँति पाउँथिन्, तर त्यस्तो आनन्दी महादेवले लिनैनथे । शिव र पार्वती पनि समान भएनन् ।

रामायणमा लोग्नेको आदेश पालन गर्न सीता नै वनबास गइन् तर रामले सीताको न कुनै आदेश सुन्ने भन्ने हुन्थ्यो, न नै सीताका लागि वनबास जानुपर्दथ्यो । राम र सीता पनि बराबर भएनन् ।

महारभातमा युधिष्ठिरको लहडको लागि श्रीमती द्रौपदी वस्तुसरह जुवामा हारिइन् तर द्रौपदीको लागि पाण्डवका कुनै भाइलाई त्यो कल्पना मात्र पनि थिएन । झनै पाण्डप पाँचजना र द्रौपदी एकजना ! कसरी समान हुन्थे ?

यस प्रकारका नारी र पुरुषबीचको असमानता शताब्दियौंदेखि हाम्रो संस्कृति स्वयंले लादेको छ । यसरी नारीलाई जसरी असमानताको प्रवृत्तिले गाँजेको छ, त्यसबारेमा सम्पूर्ण नारी जगत् सचेष्ट हुनैपर्छ । नारीको हक, हित र समानताको पक्षमा

कोही पुरुष किन बोल्दछ ? शायद भन्ठान्छन्( बोलेमा त उनीहरू आफै हानिमा पर्न जान्छन् तर त्यो होइन, समानता र न्यायिक आवाजका हिमायतीहरू आफ्नो सचेततामा जसका पक्षमा पनि बोल्दछन्, पीडित पक्षहरूको साथ दिन पुग्छन् । त्यसैले त त्यस्तालाई सचेत भनिन्छ । नत्र त आफ्ना स्वार्थमा जो जता पनि लाग्दछन्, बक्दछन् ।

त्यसैले सम्पँर्ण नारीहरू घोत्लिएर आफ्ना जायज हक, हित र समन्यायका लागि संघर्षमा उत्रनुपर्छ साथै नारीले नारीकै खुट्टा तान्ने संकीर्ण प्रवृत्ति पनि जुन छ, त्यसलाई पनि त्यागेर, सगोल बनेर हातेमालो गर्दै व्यापक शोषित, पीडितहरूको संघर्षमा समेत समर्पित हुनैपर्छ । तब नै समाजले पिंजडाबाट फुत्किएपछिको सुगाले झै दीर्घकालीन रूपमा आनन्दीको र उन्मुक्तिको सास फेर्न पाउनेछ ।